महालेखापरीक्षकको कार्यालय

अनामनगर, काठमाडौं

# लेखापरीक्षण सल्लाहकार समितिको १८ औं बैठकको निर्णय

मिति २०७९ चैत्र २० गते दिनको ३ बजे माननीय महालेखापरीक्षकज्यूको अध्यक्षतामा लेखापरीक्षण सल्लाहकार समितिको बैठक बसी देहाय अनुसारको प्रस्तावमा छलफल तथा निर्णय गरियो ।

**प्रस्ताव नं. १ : महालेखापरीक्षकको साठिऔं बार्षिक प्रतिवेदन तयारी सम्बन्धमा**

नेपालको संविधानको धारा २४१ बमोजिम संघिय सरकार प्रदेश सरकार, स्थानीय तहका विभिन्न कार्यालयको लेखापरीक्षण २०७९ भाद्र देखि २०७९ फागुन मसान्तसम्ममा सम्पन्न भएको छ । महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना २०७९ अनुसार कार्यालयको जोखिम मूल्याङ्कन गरी उच्च र न्यून जोखिममा वर्गिकरण गरी उच्च जोखिमका कार्यालयहरूको स्थलगत रूपमा लेखापरीक्षण भएको छ भने न्यून जोखिमका कार्यालयहरूका दुर लेखापरीक्षण बिधीबाट लेखापरीक्षण सम्पन भएको छ । लेखापरीक्षण सम्पन्न भएका कार्यालयको स्थलगत रुपमै लेखापरीक्षण प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। सार्वजनिक संस्थान तर्फ नेपाल वायुसेवा निगमको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयको जनशक्तिबाट सम्पन्न गरिएको छ भने पूर्ण स्वामित्व भएको संस्थानको लेखापरीक्षण व्यावसायिक लेखापरीक्षक नियुक्त गरी सम्पन्न गरीएको छ। अधिकांश सरकारी स्वामित्व भएका सार्वजनिक संस्थाहरुको लेखापरीक्षण गर्न संस्थानमा लेखापरीक्षक नियुक्तिको परामर्श दिइएको छ ।

महालेखापरीक्षकको साठिऔं वार्षिक प्रतिवेदन तयारी गर्न विभिन्न ११ समिति तथा उपसमितिहरू गठन गरी बार्षिक प्रतिवेदन तयारीको कार्य भईरहेको छ । वार्षिक प्रतिवेदनमा मुख्यतः नीति तथा कार्यक्रम कार्यान्वयन, बजेट खर्च, राजस्व प्राप्ती, खरिद व्यवस्थापन, ठेक्का कार्यान्वयन, सुविधा वितरण, योजना कार्यान्वयन, अनुगमन तथा मूल्यङ्कन लगायतका विषयहरु समेटिने छन् । महालेखापरीक्षकको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष २०७९ चैत्र मसान्त भित्र पेस गर्ने कार्यक्रम रहेको जानकारी गराइयो ।

**प्रस्ताव नं. २ कार्यमूलक तथा विशेष लेखापरीक्षण**

यो वर्ष कार्यमूलक लेखापरीक्षण अन्तर्गत सरकारी सेवामा अनलाइन मार्फत सेवा प्रवाह गर्ने कार्यक्रम, दिगो विकासको लक्ष्य ५.५ निर्णायक तहमा महिलाको पहुँच र प्रभावकारीता सहभागिता, दुर सञ्चार पूर्वाधार व्यवस्थापन, सार्वजनिक खर्च व्यवस्थापन, सार्वजनिक ऋण व्यवस्थापन, आयोजना छनौट तथा प्राथमिकता, नेपाल पक्ष भएका वहुपक्षिय वातावरणीय संझौताको कार्यान्वयन, सूचना प्रविधि लेखापरीक्षण अन्तर्गत Vital Event Registration & Social Protection विषयमा लेखापरीक्षण सम्पन्न भएको छ भने विशेष लेखापरीक्षण अन्तर्गत प्रदेश सरकार तर्फ सबै प्रदेशका मन्त्रालयहरुको ५ वर्षको कार्यसम्पादन मूल्यांकन, स्थानीय तहतर्फ महानगरपालिका,

Scanned with CamScanner

उपमहानगरपालिकाको ५ वर्षको कार्यसम्पादन मूल्याङ्कन बिषयमा लेखापरीक्षण गरीएको थियो । साथै सडक तथा पुलहरुको डिजाइन, मर्मत सम्भार अवस्थाको मूल्याङ्कन गर्न प्राविधिकको परामर्श सेवा लिईएको छ। नेपाल राष्ट बैंकको लेखापरीक्षण गर्न अन्तराष्ट्रिय प्रतिस्पर्धाको माध्यमबाट लेखापरीक्षक नियुक्त गरिएको थियो । विभिन्न ४ विषयहरुमा विशेष अध्ययन गर्न वरिष्ठ चार्टर्ड एकाउन्टेन्स्हरूको समूह गठन गरिएको छ ।कार्यमूलक तथा विशेष लेखापरीक्षणमा मुख्यत समस्या तथा नतिजामूलक दृष्ट्रिकोणबाट परीक्षण गरी विभिन्त समस्याहरु र कारणहरु पत्ता लगाई भविष्यमा गर्नुपर्ने सुधारका लागि सुझाव पेशित गरिएको जानकारी गराइएको थियो ।

**प्रस्ताव नं. ३ः बिबिध**

**देहायको विषयमा छलफल तथा जानकारी गराइएको थियो ।**

३.१ यो बर्षको लेखापरीक्षण व्यवस्थापन NAMS बाट सम्पन्न गरीएको छ ।

३.२ सल्लाहाकार समितिको बैठक मुख्यत: लेखापरीक्षण हुनु भन्दा अगाबै र वार्षिक प्रतिवेदन पेश गर्नु अगाबै वस्ने परम्परालाई निरन्तरता दिइएको छ । लेखापरीक्षण सल्लाहकार समितिका सदस्यज्यूहरुबाट लेखापरीक्षणका क्षेत्र, तरिका, विधी, परीक्षण गर्नुपर्ने विषय, प्रतिवेदनमा समावेश गर्नु पर्ने विषय, आदी सम्बन्धमा सुझाव तथा धारणा राख्नु भएको थियो ।

अन्तमा माननीय महालेखापरीक्षकज्यूबाट समिति सदस्यज्यूबाट उठान भएका विषय तथा जिज्ञासा सम्बन्धमा स्पष्ट गर्दै यो वर्षको लेखापरीक्षण वार्षिक योजना, लेखापरीक्षण कार्यान्वयन, प्रतिवेदन प्रणाली सम्बन्धमा मन्तव्य राख्दै बैठक समापन गर्नु भएको थियो ।

Scanned with CamScanner